सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०
PHEOC: ०६१-५२४०७४

## कोरोना भाइरस नियन्त्रण र रोकथामका लागि गण्डकी प्रदेश सरकारका तर्फबाट आज भएका गतिविधिहरु

*मिति २०७७/१/९ गते*



आज स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको कोभिड - १९ महामारीको सन्दर्भमा कोभिड तथा अन्य स्वास्थ्य सेवा प्रवाहका लागि अन्तरिम निर्देशिका २०७६ अनुसार विभिन्न अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा आधारभूत, जटिल र बहुविज्ञ सेवा संचालन गर्नुपर्ने प्रावधान रहेकोमा विभिन्न स्वास्थ्य संस्थामा ICCU (Intensive Critical Care Unit) सेवा विस्तार र संचालन गर्नको निम्ति आवश्यक पर्ने जनशक्ति, आधारभूत कार्यविधि, विशेषज्ञ चिकित्सक लगायतको विषयमा छलफल भयो । उक्त अवसरमा सो कार्यको लागि दक्ष जनशक्ति तयार गर्नको निम्ति Nepal Society of Critical Care Medicine र Critical Care Nurses Association संगको सहकार्यमा विभिन्न जिल्लामा तालिम र अभिमूखीकरण संचालन गर्ने विषयमा समेत छलफल भएको थियो ।



यसैगरी सोहि कार्यका लागि आवश्यक पर्ने बजेट व्यवस्थापन गर्नको निम्ति स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका डा तारानाथ पोख्रेल सहितको टोली, स्वास्थ्य निर्देशनालयका निर्देशकज्यू, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका निर्देशकज्यू, सामाजिक विकास मन्त्रालयका महाशाखा प्रमुखज्यू लगायतको टोलीको संयुक्त बैठक प्रदेश स्वास्थ्य तालिम केन्द्रमा सम्पन्न भयो । बैठकले आवश्यक पर्ने उपकरण र सामाग्रीहरुको बजेट ब्रेकडाउन समेत गरेको छ । यसरि गरिएको बजेट तर्जुमा, र ब्रेकडाउन सहितको कार्ययोजना सम्बन्धित निकायमा पेश गर्ने निर्णय समेत बैठकले गरेको छ ।



TB/Leprosy र HIV AIDS कार्यक्रमसंग सम्बन्धित गण्डकी प्रदेश भित्र भए गरेका क्रियाकलापहरु र कोभिड - १९ मा यसको व्यवस्थापनको अवस्थाको बारेमा सात वटै प्रदेशका प्रतिनिधि र संघिय सरकार बीच अन्तरक्रिया सम्पन्न भएको छ । सो अन्तरक्रियामा संघ, प्रदेश र स्थानीय तहमा चलिरहेका कार्यक्रमहरुलाई प्रभावकारी बनाई निरन्तर रुपमा कसरि संचालन गर्न सकिन्छ भन्ने बारेमा छलफल भएको थियो । यस अन्तरक्रिया कार्यक्रममा स्वास्थ्य निर्देशनालयका क्षय कुष्ठ निरिक्षक लक्ष्मण बसौलाले प्रस्तुतीकरण गर्नुभएको थियो ।

Website: http://hd.gandaki.gov.np/ Email Address: hd.gandaki@gmail.com

सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०
PHEOC: ०६१-५२४०७४



स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेश तथा प्रदेश जनस्वास्थ्य प्रयोगशाला गण्डकीको आग्रहलाई स्वीकार गरी मेडिकल ल्याबोरेटरी एसोसिएसन अफ नेपाल (मेलान) गण्डकी प्रदेशले विश्वभर फैलिएको कोभिड -१९ निदानका लागि नमूना संकलन तथा RDT परिक्षणमा मिति २०७६/१२/३० देखि गण्डकी प्रदेश मेलानका अध्यक्ष सुर्यप्रसाद पोख्रेलको संयोजकत्वमा दैनिक ३-४ जना प्रयोगशाला प्राविधिकहरुले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सहयोग गरिरहनुभएको छ। गण्डकी प्रदेश सरकारले संगठनले गरेको रचनात्मक कार्यको उचित मूल्यांकन गर्दै आगामी दिनहरुमा समेत सहयोगको अपेक्षा गर्दछ।



गण्डकी प्रदेश अन्तर्गतका सम्पूर्ण आयुर्वेद कार्यालयहरुका प्रमुख तथा प्रतिनिधिहरुसंग स्वास्थ्य निर्देशनालयबाट भिडियो कन्फ्रेन्स बैठक सम्पन्न भएको छ। बैठकमा आयुर्वेद कार्यालयले स्वास्थ्य कार्यालय र अस्पतालहरुसंग समन्वय गरि कोभिड -१९ नियन्त्रणका लागि संचालित कार्यक्रमहरुमा सहयोग पुरयाउने विषयमा छलफल भएको थियो।






आज हेल्लो डाक्टर १०९२ सेवामा गोरखा वेलफेयर ट्रष्टका डा. सिर्जना प्राधानांग (MDGP) ले परामर्श सेवा प्रदान गर्नुभएको थियो।
आजसम्म हेल्लो डाक्टर १०९२ सेवामा ७१३ जनाले चिकित्सकीय परामर्श सहितको सेवा लिएका छन्।

सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०
PHEOC: ०६१-५२४०७४








प्रदेश न ३ को चितवन जिल्ला र गण्डकी प्रदेशको तनहुँ जिल्लाको सिमानाकामा मुग्लिनबाट प्रवेश गर्ने सवारी साधनलाई निर्मलिकरण गर्ने कार्यको आजबाट शुभारम्भ भयो।

**साबुन पानीले हात मिचीमिची धोऔं।**

**मास्क र स्यानीटाईजर को प्रयोग गरौं।**

**लक डाउनको बेला घरमै बस्नुहोस।**

**अत्यावश्यक काम बाहेक बाहिर ननिस्कनुहोस।**

**सामाजिक दरी कायम राख्नुहोस।**

Website: http://hd.gandaki.gov.np/ Email Address: hd.gandaki@gmail.com

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०
PHEOC: ०६१-५२४०७४

सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

लेखनाथ सामुदायिक लायन्स अस्पताललाई प्रदेश अन्तर्गत संचालन गर्न गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङज्यू, भौतिक पूर्वाधार विकास मन्त्री माननीय रामशरण बस्नेतज्यू, सामाजीक विकास मन्त्री माननीय नरदेवी पुन मगरज्यू, गण्डकी प्रदेश सरकारका प्रमुख सचिव ज्यू, मुख्य न्यायाधिवक्ता, स्वास्थ्य निर्देशनालयका निर्देशकज्यू तथा अस्पतालका प्रतिनिधिहरुबीच बैठक सम्पन्न भएको छ।





विदेशबाट घर फर्किएकाहरु अनिबार्य रुपमा घरमै 'होम/सेल्फ क्वारेन्टाईन'मा बसौं। होम क्वारेन्टाईनमा बस्दा निम्न कुराहरु अनिबार्य पालना गरौ।

क) पर्याप्त भेन्टिलेसन भएको कोठामा एक्लै बस्ने र यो सम्भव नभएमा छुट्टै ओछयानमा सुतिरहेको अर्को व्यक्तिसंग कम्तिमा १ मिटर दुरी राख्ने।

ख) आफु बस्ने कोठा आफै सफा गर्ने।

ग) स्वास्थ्य संस्था जान बाहेक अन्य कामको लागि घर बाहिर नजाने।

घ) नियमित रुपमा आफ्नो हात साबुन पानीले मिचिमिची धुने, वा हात सफा राख्न अल्कोहलयुक्त हेन्ड सेनिटाईजर प्रयोग गर्ने। हात नधोई आँखा, नाक र मुख छुन बाट जोगिने।

ड.) अन्य व्यक्तिहरुसंग प्रत्यक्ष सम्पर्क नगर्ने। यदि अन्य व्यक्तिहरुसंगको सम्पर्कमा आउनु पर्दा, कम्तिमा १ मिटरको दुरी राख्ने र यदि अर्को व्यक्तिसंग एउटै कोठामा हुँदा र स्वास्थ्य संस्था जाँदा मास्क लगाउने। खोक्दा वा हाछ्यु गर्दा आफ्नो मुख र नाकलाई टिस्यु पेपर, रुमाल वा कुहिनोले छोप्ने।

सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०
PHEOC: ०६१-५२४०७४

गण्डकी प्रदेशमा भएका क्वारेन्टाइन, आइसोलेसन, संकलित नमूना र नतीजा (PCR र RDT समेत) सम्बन्धि बैशाख ९ गते (४ बजे सम्म ) जिल्लास्थित स्वास्थ्य कार्यालयहरुले पठाएको तथ्यांकको आधारमा प्राप्त विवरण

| जिल्ला | क्वारेन्टाइन | | | होम क्वारेन्टाइनमा रहेका | फिभर क्लिनिक | | आइसोलेसन | | विदेशबाट आएकाको संख्या | RDT किटबाट गरिएको परिक्षण | संकलित नमुना (PCR) | नेगेटिभ | पोजिटिभ | नतिजा आउन बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | बेड | बसेका | | संख्या | जाँचेको | बेड | बसेका | | | | | | |
| कास्की | 12 | 401 | 0 | 96 | 5 | 227 | 111 | - | 348 | 659 | 151 | 148 | 0 | 3 |
| स्यांग्जा | 22 | 388 | 37 | 52 | - | 46191 | 15 | - | 601 | 504 | 101 | 101 | 0 | 0 |
| तनहुँ | 31 | 178 | 1 | 550 | 6 | 210 | 42 | 1 | 802 | 551 | 12 | 12 | 0 | 0 |
| लमजुङ | 73 | 1000 | 38 | 24 | 4 | 714 | 5 | - | 188 | 163 | 53 | 53 | 0 | 0 |
| गोरखा | 42 | 334 | 6 | 193 | 71 | 483 | 27 | 0 | 397 | 373 | 9 | 9 | 0 | 0 |
| पर्वत | 11 | 375 | 21 | 185 | - | 326 | 20 | 0 | 316 | 347 | 71 | 68 | 0 | 3 |
| म्याग्दी | 16 | 125 | 24 | 91 | - | 2 | 6 | 0 | 138 | 150 | 15 | 14 | 0 | 1 |
| बाग्लुङ्ग | 32 | 251 | 36 | 803 | - | 15028 | 12 | 1 | 836 | 1106 | 65 | 63 | 2 | 0 |
| नवलपुर | 24 | 755 | 66 | 48 | - | - | 24 | 0 | 560 | 498 | 45 | 45 | 0 | 0 |
| मनाङ्ग | 7 | 61 | 2 | 0 | 5 | 53 | 7 | - | 3 | 21 | 3 | 3 | 0 | 0 |
| मुस्ताङ्ग | 15 | 96 | 0 | 0 | 4 | - | 10 | - | 25 | 16 | - | - | - | - |
| **जम्मा** | 285 | 3964 | 231 | 2042 | 95 | 63234 | 279 | 2 | 4611 | 4388 | 525 | 516 | 2 | 7 |

नवराज शर्मा
स्वास्थ्य शिक्षा प्रशिक्षक
स्वास्थ्य निर्देशनालय, पोखरा

घरमै बसौं, सुरक्षित रहौं

Website: http://hd.gandaki.gov.np/
Email Address: hd.gandaki@gmail.com